# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८०/११/०३
बैठक संख्या: १७
समय: बिहान११:०० बजे

आजको बैठकमा अर्थ मन्त्रालयका सचिव (राजस्व), भन्सार विभागका महानिर्देशक र आन्तरिक राजस्व विभागका महानिर्देशकसँग राजस्व संकलन र चुहावटको स्थिति सम्बन्धमा छलफल भयो। बैठकमा भएका छलफलबाट देहायबमोजिम निर्णय भयो।

१. आर्थिक वर्ष २०८०।८१ को बजेटको अर्धवार्षिक समीक्षामार्फत नेपाल सरकारले यस आर्थिक वर्षको राजस्व संकलनको लक्ष्य संशोधन गरेकोमा यसबाट बजेट तर्जुमा गर्दाको समयमा सरकारले आयव्ययको अनुमान परिपक्व र यथार्थपरक ढङ्गले नगरेको देखिएको र यस विषयमा अर्थमन्त्रीकै उपस्थितिमा नीतिगत छलफल हुनुपर्ने समितिका माननीय सदस्यहरूले भनाइ राख्नुभयो। आयव्ययको अनुमान गर्ने पद्धतिमा विद्यमान कमीकमजोरी, प्रक्षेपण अनुसार राजस्व संकलन नभइ लक्ष्य नै उल्लेख्य रूपमा घटाउनुपर्ने स्थिति आउनुको कारण, संशोधित लक्ष्य अनुसार राजस्व संकलन गर्न अर्थ मन्त्रालयको रणनीति र कार्ययोजना, आगामी वर्षहरूको लागि राजस्व संकलनको प्रक्षेपण र लक्ष्य निर्धारण गर्दा यथार्थपरक बनाउनका लागि अर्थ मन्त्रालयले लिएको सोच सम्बन्धमा आगामी बैठकमा अर्थमन्त्रीलाई आमन्त्रण गरी छलफल गरी आवश्यक निर्देशन दिने।

२. भन्सार प्रशासन र प्रक्रिया सम्बन्धी अन्तर्राष्ट्रिय एवं राष्ट्रिय प्रचलनमा रहेका अभ्यासहरूको बारेमा समितिले विस्तृत जानकारी प्राप्त गर्न आवश्यक रहेकोले यस विषयमा भन्सार विभागबाट प्रस्तुतीकरण लिने।

३. समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयबस्तुको कार्ययोजना तयार गरी समितिमा पेश गर्ने कार्यदिश सहित उपसमिति गठन गर्ने ।

समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

...................................
रेखा उपाध्याय खनाल
समिति सचिव

...................................
सन्तोष चालिसे
सभापति